# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७३/१२/२९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------------

जिल्ला भक्तपुर, साविक बागेश्वरी गाउँ बिकास समिति वडा नं. ४ स्थित गुठी जग्गाको मोही नामसारी गर्ने कामका लागि गुठी संस्थान, शाखा कार्यालय भक्तपुरमा कार्यरत सहायक प्रशासक (अधिकृत तृतीय) छत्रबहादुर पौडेलले रू.५०,०००।- (पचास हजार) घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगालबाट खटिई गएको टोलीले निज सहायक प्रशासक छत्रबहादुर पौडेललाई रू.५०,०००।- (पचास हजार) घुस बापतको रकम लिएको अवस्थाबाट निजकै कार्यकक्षबाट नियन्त्रणमा लिई अनुसन्धान हुंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुंदा निज राष्ट्रसेवक छत्रबहादुर पौडेललाई रू.५०,०००।- (पचास हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलब्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिविधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता